दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३२ | बुटवल | २०८१ माघ १३, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Jan 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# झुम्सा खानेपानी : ६ पटक म्याद थप्दा पनि भएन पूरा

**२०५२/०५३ सालमै पाल्पाको सिस्ने खोलाबाट बुटवलमा पानी ल्याउने योजना अघि सारिएको थियो, त्यो असफल भएपछि शुद्ध र पर्याप्त खानेपानी सुविधा पाउने बुटवलवासीको सपनाले ३० वर्ष नाघेको छ।**

**टिआर शर्मा**
*बुटवल*

बुटवलवासीका लागि 'दोस्रो मेलम्ची' जस्तै बनेको झुम्सा खानेपानी आयोजना ६ पटक म्याद थप्दा पनि पूरा भएको छैन। यद्यपि बुटवलमा शुद्ध र पर्याप्त खानेपानी सुविधाको सपनाले ३० वर्ष नाघेको छ।

२०५२/०५३ सालमै पाल्पाको सिस्ने खोलाबाट बुटवलमा पानी ल्याउने योजना अघि सारिएको थियो। पाल्पाको झुम्सास्थित सिस्ने खोलाबाट दैनिक सात लाख लिटर पानी बुटवल ल्याउने योजनासहित अघि सारिएको आयोजना एक दशकपछि माग धान्न नसक्ने ठहर गर्दै मुहान फेरियो।

सिस्नेको सट्टा हालको तिनाउ गाउँपालिका-३ मा रहेको गोरबन्दिझारबाट दैनिक तीन करोड २० लाख लिटर पानी बुटवल ल्याउने योजनासहित २०६४/०६५ मा झुम्सा खानेपानी आयोजनालाई अघि सारियो। एक दशकसम्म काम भयो, राज्यको ठूलो रकम खर्च भयो तर खानेपानीको मुहानमा निर्माण गरेको ड्याम (ट्याङ्की) नै खोलाले बगाइदियो। त्यसपछि फेरि २०७७ साल जेठ २ गते झुम्सा खानेपानी आयोजनाको नयाँ ठेक्का सम्झौता भयो। यसको पनि ६ पटक म्याद थपियो तर अझैं पूरा भएको छैन।

बुटवलवासीहरु वर्षायाममा धमिलो पानी पिउन र हिउँदमा धारामा पानी नआएर निजी क्षेत्रले ट्यांकर र जारमा बिक्री गर्ने पानी किन्न बाध्य छन्। आयोजनाअन्तर्गत दैनिक ३ करोड २० लाख लिटर पानी भण्डारण क्षमताको ड्याम निर्माणको काम पूरा भए पनि १३.५ किलोमिटर पाइपलाइन विस्तारको काम पूरा हुन सकेको छैन।

२०७७ जेठ १९ मा सम्झौता ठेक्का सम्झौता भएको ड्याम निर्माणको काम २०७८ मंसिर १४ मै सम्पन्न भएको र पाइपलाइन विस्तारमा ढिलाइ भएको आयोजना प्रमुख मन्दिप श्रेष्ठले बताए। ड्याम निर्माणका लागि १४ करोड २४ लाख र पाइपलाइन विस्तारका लागि १४ करोड ४४ लाखमा ठेक्का सम्झौता भएको श्रेष्ठले जानकारी दिए।

'ड्याम निर्माणको काम ठेक्का सम्झौताको अवधि अगावै पूरा भएको थियो, तर पाइपलाइन विस्तारमा विभिन्न अवरोधहरु आउँदा ढिला भएको छ,' श्रेष्ठले भने-'छैठौं पटक थपिएको म्याद पनि गत असोजमा सकिएको छ, फेरि थप्ने तयारीमा छौं।'

आयोजना निर्माणको ठेक्का कालिका एण्ड कन्काई जेभीले पाएको छ।

पाइपलाइन विस्तारअन्तर्गत मुहानमा क्रंक्रिट पिल्लरमाथि तीन वटा ट्रस ब्रिज बनाउनुपर्ने छ। जसमध्ये ३६ मिटर लम्बाईको ट्रस ब्रिज निर्माण सम्पन्न भएको छ। ४६ मिटर तथा ५६ मिटरको ट्रस ब्रिज निर्माणकै चरणमा रहेको आयोजना प्रमुख श्रेष्ठले बताए।

कोरोना महामारी, सडक विभागले अनुमति दिन ढिलाइ र बेला बेला स्थानीयको अवरोध जस्ता कारणले पाइपलाइन विस्तार पूरा गर्न नसकिएको श्रेष्ठले बताए। पछिल्लो समय भने स्थानीयबाट अवरोध नभएको उनले बताए।





ठेक्का सम्झौताअनुसार निर्माण कम्पनीले तिनाउ गाउँपालिका ३ र ४ नं. वडाको संगम स्थल झुम्साबाट बुटवलको वडा नम्बर ३ लुम्बिनी केबलकारचोक रामफेदीसम्म पाइपलाइन विस्तार गर्नेछ।

हालसम्म १२.६ किलोमिटर (९४ प्रतिशत) पाइपलाइन विस्तार पूरा भएको र कुनै अवरोध नभए चालु आर्थिक वर्षभित्र पाइपलाइन विस्तार पूरा गरेर पानी वितरणको काम सुरु हुने खानेपानी संस्थान बुटवल शाखा तथा झुम्सा खानेपानी आयोजनाका लेखा प्रमुख कैलाश दाहालले बताए।

'आयोजनाको भौतिक प्रगति ९४ प्रतिशत र वित्तीय प्रगति ६३ प्रतिशत भइसकेकोछ, अब छिट्टै सातौं पटक म्याद थपेर चालु आर्थिक वर्षभित्रै काम पूरा गर्ने लक्ष्य छ,' दाहालले भने-'निर्धारित मितिमा काम पूरा हुन प्रभावित क्षेत्रका बासिन्दाको पनि साथ चाहिन्छ।'

हाल खानेपानी संस्थान बुटवलले तिनाउ खोलाको पानी पम्पिङ गरेर तथा विभिन्न स्थानमा जमिनमुनिको पानी तानेर दैनिक एक करोड ६८ लाख लिटर पानी वितरण गरिरहेको दाहालले बताए। अहिले संस्थानले रामफेदी, लक्ष्मीनगरका दुईवटा र बेलबास गरी तीन स्थानका चार वटा रिजर्भवायर ट्यांकी, मिलनचोकको ओभरहेड ट्यांकी, २२ वटा डीपट्र्युबेल र चिडियाखोलाको इन्टेक ट्यांकीबाट १७ हजार २ सय धारामार्फत् न्यूनतम २ घण्टादेखि अधिकतम चार घण्टासम्म पानी वितरण गरिरहेको छ।

तिनाउ नदीबाट पम्पिङ गरेर दैनिक ९० लाख लिटर तथा अन्य स्रोतबाट दैनिक एक करोड ९० लाख लिटर पानी संस्थानले संकलन गरेर वितरण गर्दै आएको छ।

बुटवलमा दैनिक ३ करोड लिटर खानेपानीको माग छ।

'झुम्साबाट तीन करोड २० लाख लिटर पानी रामफेंदीमा झरेपछि बुटवलको करिब तीन लाख जनसंख्यालाई माग अनुसारपर्याप्त पानी वितरण गर्न सकिन्छ,' संस्थानका लेखा प्रमुख दाहालले भने-'पर्याप्त पानी नहुँदा अहिले दैनिक २ घण्टादेखि ४ घण्टासम्म मात्रै पानी वितरण गरेका छौं, झुम्साको पानी आएपछि दैनिक ८ घण्टासम्म निरन्तर पानी वितरण गर्न सकिने अनुमान छ।'

» बाँकी ३ पेजमा

## अध्यादेशमा असहमति भए पनि कांग्रेस सांसदहरु संसद्मा बोल्न नपाउने



बुटवल। सत्तारुढ नेपाली कांग्रेसले हालै सरकारले ल्याएका अध्यादेशहरुमा पार्टीका सांसदहरुका फरक मत वा असहमति भए पनि संसद्मा त्यसलाई व्यक्त गर्न नपाइने निर्णय गरेको छ।

शनिबार सिंहदरबारमा बसेको नेपाली कांग्रेसका पदाधिकारी, पूर्वपदाधिकारी, मन्त्री र संसदीय दलको कार्यसमिति बैठकमा यस्तो निर्णय भएको हो।

संसदीय दलको बैठकमा पनि यसबारे थप छलफल हुने र संसदमा एउटै स्वरका साथ प्रस्तुत हुने निर्णय भएको प्रमुख सचेतक श्याम घिमिरले जानकारी दिए।

आइतबार र सोमबार संसदीय दलमा सांसदहरुका बिचमा पनि सघनरुपमा छलफल गरेर नेपाली कांग्रेस एउटै आवाज, एउटै स्वरका साथ संसद्मा प्रस्तुत हुने र बाहिर पनि प्रस्तुत हुँदा एकढिक्का भएर प्रस्तुत हुने भन्ने निर्णय भएको उनले बताए।

बैठकमा सभापति शेरबहादुर देउवाले केही कुरा भए अहिले नै भन्न तर संसद् र बाहिर गएर फरक मत नराख्न निर्देशन दिएको घिमिरेको भनाइ छ।

आर्थिक क्षेत्रमा देखिनेगरी सुधारका काम गर्न केही विधेयकलाई संशोधन गर्नै पर्ने बाध्यता भएको हुनाले यसलाई अध्यादेशका रुपमा ल्याइएको देउवाको भनाइ थियो।

बैठकमा गृहमन्त्री रमेश लेखकले सरकारका कामकारबाहीबारे जानकारी दिएका थिए भने स्वाथ्यमन्त्री र कृषिमन्त्रीले आफ्नो मन्त्रालयका बारेमा बोलेका थिए।

## दलाल पुँजीपतिविरुद्ध आमनेसामने : प्रचण्ड



बुटवल। प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी र भ्रष्ट तत्व आमनेसामने हुने स्थिति बनेको बताएका छन्।

शनिबार दाङको घोराहीमा माओवादीको नगर सम्मेलनलाई सम्बोधन गर्दै उनले त्यसविरुद्ध माओवादीले शान्तिपूर्ण संघर्ष गर्ने समेत बताए। 'दलाल पूँजीपति, नोकरशाही, बिचौलिया, भूमाफिया र सबै जालीझेलीहरुका विरुद्ध आमनेसामने भएका छौं,' प्रचण्डले भने-'यतिबेला सशस्त्र त होइन, शान्तिपूर्ण संघर्षको बेला हो।'

उनले अघि भने-'शान्तिपूर्ण संघर्षमा एकतर्फ दलाल, बिचौलिया र भ्रष्ट तत्वहरु र अर्कोतिर माओवादी, सच्चा देशभक्तहरु आमनेसामने हुने स्थिति बनेको छ।'

प्रचण्डले गणतन्त्रलाई बुर्जुवा गणतन्त्रमा सीमित हुन नदिने समेत दाबी गरे। उनले भने-'हामीले यो गणतन्त्रलाई बुर्जुवा गणतन्त्रमा सीमित हुन दिने छैनौं भनेर विश्वसमुदायलाई अपिल गर्दै युद्धको मैदानबाटै समाजवादतिरको यात्रा आरम्भ गरेको संकल्प लिएका थियौं। ती दिनलाई स्मरण गर्न र संकल्पअनुसार अघि बढ्न म विशेष रूपले अपिल गर्न चाहन्छु।'

प्रचण्डले कांग्रेस, एमालेलाई फेरि विश्वास गर्न नसकिने अवस्थामा आफू पुगेको संकेत गरेका छन्।

उनले पछिल्लो पटक आफूले नराम्रोसँग धोका खाएको र धोकेबाजलाई विश्वास गर्न नसकिने अवस्थामा पुगेको बताएका हुन्।

सरकारमा जान हतारो नभएको भन्दै उनले आफू जनताको बिचमै रमाइरहेको दाबी गरे।

'पछिल्लो चोटी नराम्रो धोका खाएँ मैले र धोकेबाजलाई विश्वास गर्न मन पनि छैन', प्रचण्डले भने-'सरकारमा जान हतारो छैन। जागरण अभियानलाई उचाइमा पुऱ्याउने संकल्प लिएको छु।'

माओवादीका जनप्रतिनिधिले जितेका स्थानीय तह उत्कृष्ट बन्न सफल भएको बताउँदै उनले काम गर्ने माओवादी नै हुने पुष्टि गरेको जिकिर गरे।

प्रचण्डले आफू सरकारमा हुँदा र सरकारबाट बाहिरिँदा पनि निरन्तर जनताको पक्षमा जोडिरहेको बताए।

## खादा माला निषेध, आसनग्रहण सात जना



बुटवल। बुटवल उप-महानगरपालिकाले औपचारिक कार्यक्रममा खादा र माला प्रयोगमा निषेध गर्ने निर्णय गरेको छ।शनिबार सम्पन्न नगरसभाको अधिवेशनले धार्मिकबाहेकका कार्यक्रममा खादा र माला प्रयोग नगर्ने निर्णय पारित गरेको हो।

नगरसभाले औपचारिक कार्यक्रमहरुमा मञ्चमा ७ जनाभन्दा बढीले आसन ग्रहण नगर्ने र औपचारिक कार्यक्रमहरुलाई छरितो बनाउँदै लैजाने निर्णय गरेको छ। नगरसभाको बैठकमा प्रमुख खेलराज पाण्डेयले प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो। सभामा बोल्दै नगरप्रमुख खेलराज पाण्डेयले बुटवलको विकासमा प्रदेश र संघीय सरकारसँग सहकार्य गर्दै अगाडि बढ्ने प्रयास गरे पनि अपेक्षाअनुरुप बुटवलका मुख्य र ठूला समस्यामा साथ नपाएको बताए। उनले आन्तरिक श्रोत र संघ र प्रदेशको अनुदानबाट जे जति बजेट छ त्यसैबाट बुटवलको विकासका कामलाई अगाडि बढाउने गरी कार्यक्रम र योजनाहरु अगाडि सारेको बताए।

उनले नगरका मुख्य समस्या समाधानका लागि संघ र प्रदेशले विशेष चासो दिएर श्रोतबारे सोंचविचार गर्नुपर्ने जनाए। ज्योतिनगर पहिरो, तिनाउ नदीकिनारको बस्ती, तिनाउ करिडोरका कारण विस्थापितहरुको बारेमा संघ सरकारसँग पटक-पटक छलफल भए पनि निकास ननिस्किएको उनले बताए।

बुटवलको विकास सबै पक्षको सहकार्यबाट मात्रै सम्भव रहेको भन्दै उनले विकासका कामले तीब्रता लिएको जनाए।

प्रमुख पाण्डेले चालु आर्थिक वर्षमा केही अधुरा कामले पूर्णता पाउने र एउटा नतिजा देखिने बताए।

नगरसभामा उपप्रमुख सावित्रादेवी अर्यालले चालु आर्थिक वर्षका लागि संघ र प्रदेश सरकारमा केही ठूला योजनाको सिफारिश गर्ने र खर्च नहुने विकास बजेट शीर्षकान्तरसम्बन्धि गरेको प्रस्ताव सर्वसम्मतिले पारित भएको छ।



दैनिक लुम्बिनी

## सम्पादकीय

# सिद्धबाबा सुरूङमार्गले जगाएको आशा

सिद्धार्थ राजमार्गको सिद्धबाबामा निर्माणाधीन सुरूङ छिचोलिएको छ। प्रधानमन्त्री केपी ओलीले भर्चुअल माध्यमबाट सम्बोधन गरेपछि सुरूङ मार्ग छिचोलिएको अर्थात् 'ब्रेक थ्रु' भएको हो। एउटा राजमार्गको सुरूङ मार्ग छिचोल्ने दिन एउटा उत्सव झैं भएको छ, जुन स्वभाविक पनि हो। किनभने नेपाल सुरूङ मार्ग निर्माणको युगमा प्रवेश गरेको छ। सडक पूर्वाधारमा सुरूङ मार्ग निर्माण हुनु छलाङ हो।

नागढुङ्गा-नौविसे सडक खण्डमा सुरूङमार्ग निर्माण भइरहेको छ। यो सुरूङमार्ग निर्माण भएर केही समयमै प्रयोगमा आउने छ। यो सुरूङमार्ग चलेसँगै काठमाडौं प्रवेश गर्दा र बाहिर निस्कदा सवारी साधनले लामो जामको सास्तीबाट मुक्ति पाउनेछन्। सिद्धबाब सुरूङमार्ग निर्माण सम्पन्न भएसँगै सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्डले सुरक्षित सडकको पहिचान स्थापित गर्नेछ। सधैँ जसो जाने पहिरोले यो सडक असुरक्षित हुँदा धेरैले ज्यान गुमाउनुपरेको छ। त्यसैले अहिले यसलाई 'मृत्युमार्ग'भनिएको छ। अब यसले 'मृत्युमार्ग' बाट सुरक्षित मार्गको पहिचान स्थापित गर्दै सिद्धार्थ राजगमार्ग हुँदै पाल्पा, गुल्मी, पोखरालगायत लुम्बिनी र गण्डकीको पहाडी क्षेत्रको आवागमन सुरक्षित हुने आशा पलाएको छ। सिद्धबाबा क्षेत्रको चार किमि सडक पहिरोको उच्च जोखिममा रहेकोले पहिरो नियन्त्रण कार्यक्रममार्फत् सडकलाई सुरक्षित बनाउन प्राथमिकता दिनुपर्छ। सुरूङमार्ग बाहेकको क्षेत्रमा अरु सुरक्षात्मकम उपाय अवलम्बन गरी सडकलाई सुरक्षित बनाउन सकिन्छ। पर्यटकीय शहर पोखरा र तानसेनमा आन्तरिक र बाह्य पर्यटकको आवागमन बढ्दा यहाँको अर्थतन्त्र चलायमान हुन सघाउ पुग्नेछ। त्यसैगरी, मुक्तिनाथसहित कालीगण्डकी करिडोरमा पर्ने धार्मिक र सांस्कृतिक स्थलमा पर्यटकीय गतिविधि बढ्ने छन्। सिद्धबाबाको 'मृत्युमार्ग'को पहिचानले त्रसित समाजमा यो मार्गमा यात्रा गर्न सहज नमान्ने अवस्थाको अन्त्य हुँदैछ।

सुरूङ मार्गको ब्रेक थ्रु समयमै भएकाले यसको निर्माण छिट्टै पूरा हुने आशा पलाएको छ। नारायणगढ-बुटवल सडक विस्तारको ठेक्का लिएको चिनियाँ कम्पनी चाइना स्टेट कन्स्ट्रक्सनले यो मार्गको काम गरेकाले आशंकाहरु छन्। नारायणगढ-बुटवल सडक निर्माणको काम अस्तव्यस्त भएको र समयसीमामा नभएकाले त्यस्तो आशंका हुनु स्वाभाविक भएकाले सबै ठाउँमा कम्पनीले काम गर्दैन भन्ने पनि होइन्। अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भएको निर्माण कम्पनी भएको र यो कम्पनीको प्रतिष्ठाको विषय पनि भएकाले तोकिएको समयसिमामै काम सकिन्छ भन्ने विश्वास छ।

सुरूङमार्ग निर्माणको लागि ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको चाइना स्टेट कम्पनीले २०८३ चैतसम्म काम सम्पन्न गर्नुपर्ने छ। आयोजनाको भौतिक र वित्तीय प्रगति ४० प्रतिशतको हाराहारीमा भएकाले काम गर्न धेरै बाँकी छ। समयसीमामै काम सम्पन्न गर्न सरकारी निकायले गर्नुपर्ने आवश्यक सहजीकरणमा कुनै कञ्जुस्याँइ गर्न हुन्न। निर्माण कम्पनीले गुनासो गरेर कामबाट भाग्ने र विकास निर्माणको काम प्रभावित हुने भएकाले सहजीकरणको खाँचो अपरिहार्य छ।

# जनस्वास्थ्य शिक्षा आवश्यक



**डा.देवीप्रसाद आचार्य**

नेपाली समाजले शिक्षा आर्जन गर्नु भनेको जागिर खानका लागि हो भन्ने कोणबाट बुझेको पाइन्छ। समाजमा पढे-लेखेपछि ठूलाठूला पदहरूमा पुग्न सकिन्छ। धन तथा सामाजिक प्रतिष्ठा आर्जन गर्न सकिन्छ भन्ने बुझाइले जरा गाडेको छ। अझैं कतिपय अभिभावकहरूको मनोविज्ञान त छोराछोरीलाई डाक्टर वा इन्जिनियर बनाउनुपर्छ भन्ने रहेको पाइन्छ। उल्लिखित सामाजिक बुझाइलाई पूर्ण रूपमा गलत भन्न त मिल्दैन तथापि शिक्षा आर्जनको उद्देस्य डाक्टर, इन्जिनियर बन्न वा जागिर खाएर धन आर्जन गर्नका लागि मात्र होइन। शिक्षाले व्यक्ति, समाज र सिंगो मुलुकको सर्वांगीण विकासका लागि भूमिका खेल्छ।

व्यक्ति वा समाजको सर्वांगीण विकासअन्तर्गतको एउटा पाटो हो स्वस्थ जीवनयापन गर्नु। स्वस्थ जीवनका लागि जनस्वास्थ्य शिक्षाको ज्ञान आवश्यक ठानिन्छ। जनस्वास्थ्य शिक्षाअन्तर्गत सरसफाइ, खानपान, घरवरिपरिको वातावरण, भान्सामा प्रयोग हुने खाद्यपदार्थ, पिउने पानी, स्वास्थ्यलाई आवश्यक पर्ने प्रोटिन, भिटामिन, क्याल्सियमलगायतका आवश्यक तत्वहरूको उपयोग, आहार, विहार, ध्यान, व्यायाम आदिजस्ता कुराहरूमा ज्ञान हुन आवश्यक हुन्छ। मादक पदार्थको सेवन, धूमपान, लागूपदार्थ दुर्व्यसनका कुलतहरूबाट टाढा रहन सक्ने चेतनाको विकास गर्नका लागि पनि जनस्वास्थ्य शिक्षाको ज्ञान आवश्यक ठानिन्छ।

उपभोक्ता अधिकारको उपयोग पनि जनस्वास्थ्य शिक्षासँग सम्बन्धित हुन्छ। उपभोक्ता अधिकार बीसौं शताब्दीको उत्तरार्द्धतिर अमेरिकाबाट विकास भएको हो। उपभोक्ताको हकहितको संरक्षणका लागि नेपाल सरकारले पनि २०५४ मा उपभोक्ता संरक्षण ऐन २०५४ जारी गऱ्यो। नेपालको संविधान २०७२ ले पनि उपभोक्ता अधिकारलाई मौलिक अधिकारको रूपमा स्वीकार गरेको छ। उपभोक्तहरूले उपयोग गर्ने खाद्य पदार्थ, औषधिलगायतका उपभोग गर्ने वस्तुहरूप्रति सचेत हुनका लागि समाजमा जनस्वास्थ्य शिक्षाको ज्ञान अनिवार्य हुन्छ। अहिले आम जनतामा उपभोक्ता अधिकारसम्बन्धी चेतनाको अभाव छ। समाजमा रहेका अशिक्षा, अज्ञान तथा जनस्वास्थ्य शिक्षाको ज्ञान कमजोर भएकाले उपभोक्ताहरू ठगिएको अवस्था छ।

हाम्रो समाजमा उपभोक्ताहरू अनुचित व्यापारी क्रियाकलापहरूबाट ठगिएको अवस्था छ। व्यापारीहरूले गुणस्तरहीन वस्तुहरूको बेचबिखन गर्न नपाइने व्यवस्था छ। तर, बजारमा बिक्री गरिने उपभोग्य वस्तु वा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर, उत्पादन मिति, गुणस्तरहीन वस्तुको पहिचान, म्याद समाप्त हुने मिति, मिश्रणको अवस्था, मूल्य, तौललगायतका विशेषताहरूका 'दयगतमा समाज सचेत भएको पाइँदैन। उपभोक्ता अधिकारसम्बन्धी ज्ञानको अभावले उपभोक्ताहरू ठगिएको अवस्था छ। यस कोणबाट हेर्दा समाजमा जनस्वास्थ्य शिक्षाको ठूलो अभाव रहेको अवस्था देखिन्छ।

जनस्वास्थ्य शिक्षाले समाजलाई भान्सामा प्रयोग गर्ने खाद्य पदार्थ, औषधि, पेय पदार्थ वा उपभोग्य सम्पूर्ण सामग्रीप्रति सचेत हुन ज्ञान दिन्छ। यसले बजारमा उपलब्ध हुने सम्पूर्ण वस्तुमा जानकारी लिई गणस्तरीय वस्तुहरू खरिद गर्न सचेत बनाउँछ। जनस्वास्थ्य शिक्षाको अभावमा देशको संविधानले प्रदान गरेको उपभोक्तासम्बन्धी अधिकारमा समाज प्रशिक्षित हुन सकेको अवस्था छैन। जनस्वास्थ्य शिक्षाले उपभोक्ताहरूलाई सचेत बनाउनुका साथै बजारमा व्यापारीहरूले सिर्जना गर्ने कृत्रिम अभाव, मूल्य सूचीको अवस्था, बिलहरू लिने बानीको विकास, जीउ, ज्यान, स्वास्थ्यमा पर्ने प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्ने नकारात्मक असरजस्ता कुराको जानकारी दिन्छ।

स्वास्थ्य नै मानिसको पहिलो धन हो। स्वस्थ नागरिक देशको ठूलो पुँजी हो। पढ्नु, प्रमाणपत्रधारी हुनु शिक्षाको एउटा पक्ष हो भने व्यावहारिक ज्ञानसहितको शिक्षा आर्जन गर्नु अर्को महत्व पूर्ण पक्ष हो। सिद्धान्तले भ रि ए का किताबहरूको पठनपाठनले तर्क, वितर्क, व्याख्या, विश्लेषण तथा विचारविमर्श गर्न सिकाउँछ। परन्तु, व्यावहारिक पक्ष सिकाउन सक्दैन। व्यावहारिक शिक्षा आजको आवश्यकता हो। व्यावहारिक शिक्षाअन्तर्गतको एउटा सेक्सन भनेको जनस्वास्थ्य शिक्षा हो। स्वास्थ्य विज्ञहरू भन्छन्, मानिसको धेरैजसो रोगको कारण हाम्रो भान्सा हो। मानिसले गर्ने खानपानबाट नै धेरैजसो रोग लाग्ने गर्छन्। एउटा व्यक्तिको स्वास्थ्यको अवस्थाले उसको परिवारलाई असर गर्छ। घर, परिवारमा अस्वस्थ तथा रोगी भएमा परिवारको आर्थिक प्रगतिमा प्रत्यक्ष प्रभाव पार्छ। यसैगरी, समाजका धेरै मानिस अस्वस्थ भएमा समाज र सिंगो देशलाई नै प्रभाव पार्छ। यस कोणबाट हेर्दा समाजका हरेक व्यक्ति स्वस्थ हुन आवश्यक हुन्छ। यसका लागि समाज जनस्वास्थ्य शिक्षाले प्रशिक्षित हुन आवश्यक छ।

अहिले बजारमा जंकफुडहरूको प्रयोग व्याप्त छ। जसलाई फास्टफुट पनि भन्ने गरिन्छ। आधुनिक समाज निर्माणको प्रक्रियासँग सहरदेखि गाउँसम्म चाउचाउ, चाउमिन, मोमोलगायतका खानेकुराहरू व्याप्त रूपमा खाद्यपदार्थको रूपमा प्रयोग हुने गरेको छ। विद्यालयदेखि विश्वविद्यालयसम्मका विद्यार्थी, शिक्षक, प्राध्यापकहरूलगायत विभिन्न कार्यालयहरूमा कार्यरत पढे-लेखेको जमातले पनि उल्लिखित परिकारहरूको अत्यधिक प्रयोग गरेको अवस्था छ। चुरोट खान स्वास्थ्यका लागि हानिकारक हुन्छ भन्ने पाठ पढाउने गुरुहरूले नै चुरोट सल्काएको देखिन्छ। बिरामीलाई चिल्लो, पिरो, चुरोट, सुर्तीजस्ता पदार्थहरू खानु हुँदैन भनेर सल्लाह दिने कुनै न कुनै डाक्टरहरू पनि चुरोट खाने गरेको देखिन्छ। यस कोणबाट हेर्दा अरूलाई सल्लाह दिन जति सजिलो छ, त्यत्ति नै गाह्रो हाम्रो व्यावहारिक जीवनमा लागू गर्न हुँदो रहेछ। यसरी हेर्दा पढेको कुराहरू हरेक व्यक्ति एवं व्यक्तित्वहरूले व्यवहारमा लागू गर्नुपर्छ भन्ने कुरा बुझ्न पनि त्यत्तिकै जरुरी छ।

पढ्नुको अर्थ प्रमाणपत्र मात्र आर्जन गर्नु होइन। व्यावहारिक जीवनमा परिवर्तन गर्नु हो। व्यावहारिक जीवनको पहिलो सर्त आफ्नो स्वास्थ्यलाई स्वस्थ राख्नु हो। समाजका हरेक मानिस स्वस्थ भएमा समाज तथा देशको सिंगो स्वास्थ्य जीवन स्वस्थ हुन्छ। स्वस्थ जीवनका लागि आहार, विहार तथा वातावरणको ठूलो महत्व हुन्छ। हाम्रो देशको सन्दर्भमा उल्लिखित तीनवटै पक्षहरूमा गम्भीर भएर ध्यान दिएको पाइँदैन। खानपानको सन्दर्भमा कुरा गर्दा गाउँले जीवनभन्दा सहरी जीवन अझैं जोखिममा रहेको देखिन्छ। हरेक वस्तुमा मिसावट छ। हाम्रा भान्सामा भित्रिने तरकारी, फलफूल आदिमा अत्यधिक मात्रामा रासायनिक मलको प्रयोग भएको अवस्था छ।

बढ्दो यातायात, धूलाम्मे बाटाहरू, जथाभावी रूपमा फ्याँकिने फोहोर, आगजनीलगायतले वातावरणलाई प्रदूषित बनाएको अवस्था छ। यसर्थ, स्वस्थ वातावरणको महत्वमा जानकारी गराउन पनि जनस्वास्थ्य शिक्षा आवश्यक ठानिन्छ। शहरी क्षेत्रमा अर्गानिक खाद्यवस्तुको अभाव छ। रासायनिक मलको अत्यधिक प्रयोगले खाद्यवस्तुहरू रोग निम्त्याउने स्रोत बनेको अवस्था छ। अहिले नेपाली समाजको भान्साघरमा अखाद्य वस्तुको भेला हुने गर्छ। एकातिर यो अवस्था उपभोक्ताको बाध्यात्मक परिस्थिति हो भने अर्कोतिर नेपाली समाजमा उपभोक्ता अधिकारमा समाज त्यति जागरुकता देखिँदैन।

देशको राजधानी काठमाडौं अत्यन्त प्रदूषित शहरहरूमध्ये एक हो। काठमाडौं उपत्यकाभित्र बग्ने नदीहरू अत्यन्त प्रदूषित छन्। यहाँका नदीहरूमा ढलहरू मिसाइएको छ। आफू बस्ने सहर तथा यहाँका नदीनाला, पर्यावरणलगायतलाई स्वच्छ, सफा र सुन्दर बनाउने काम राज्य, सम्बन्धित संघसंस्थाहरूलागायत त्यहाँका नागरिकहरूको हो। हाम्रो राजधानी काठमाडौं संसारकै प्रदूषित सहरको रूपमा परिणत हुने गरेका समाचारहरू आउने गर्छन्।

शिक्षाविद थोमसनले भनेझैं शिक्षा व्यक्तिको बानी, व्यवहार, विचार र धारणाहरूको स्थायी रूपमा परिवर्तन ल्याउने माध्यम हो। जनस्वास्थ्य शिक्षाले गुणस्तरीय जीवनमा महत्वपूर्ण भूमिका खेल्छ। गुणस्तरीय जीवनअन्तर्गत स्वस्थ जीवन जिउने कलाको ज्ञान तथा अभ्यास आवश्यक छ। स्वस्थ वातारण, सरसफाइ, खानपान, सोचविचारजस्ता कुराहरूको ज्ञानको स्रोत जनस्वास्थ्य शिक्षा हो। जनस्वास्थ्य शिक्षाको ज्ञानबाट मात्र स्वस्थ समाज निर्माण हुन सक्छ। यस अर्थमा जनस्वास्थ्य शिक्षाको ठूलो महत्व छ।

शिक्षा आर्जनका बाटा र पाटाहरू धेरै छन्। औपचारिक, अनौपचारिक एवं अनियमित शिक्षाको माध्यमले व्यक्ति एवं समाज शिक्षित, दीक्षित तथा प्रशिक्षित हुन्छ। जनस्वास्थ्य शिक्षाको सन्दर्भमा उल्लिखित शिक्षाका तीनवटै क्षेत्रहरू कमजोर रहेको अवस्था छ। देशको शिक्षा प्रणालीमा जनस्वास्थ्य शिक्षाको विषयवस्तुलाई पर्याप्त रूपमा समावेश गरिएको छैन। विद्यालयतहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइमा जनस्वास्थ्य शिक्षाको विषयवस्तुलाई समेट्न जरुरी छ। कम से कम विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले अस्वस्थ खानेकुराले विभिन्न प्रकारका रोग निम्त्याउने विषयमा हाम्रा विद्यार्थीहरूले अध्ययन गर्न पाउनुपर्छ।

हामीले खाने खाद्यवस्तु जिब्राको स्वादका लागि मात्र नभएर सम्पूर्ण शरीर प्रणालीलाई फाइदा हुने खालको हुनुपर्छ। स्वास्थ्य विज्ञहरूका अनुसार बेलाबेलामा सरुवा रोगहरूको संक्रमण बढ्नुके पछाडि जनतामा रहेको जनस्वास्थ्यको कारण हो। समाजमा सामान्य जनस्वास्थ्यसम्बन्धी ज्ञानको अभाव छ। नेपालको ठूलो जनसंख्याले आफ्नो स्वास्थ्यको अवस्था के कस्तो छ भनेर कम से कम एक वर्षमा एकपटक अस्पतालहरूमा चेकजाँच गराएको अवस्था छैन। मानिस बिरामी परे भने उसलाई अस्पतालमा नलग्ने, धामी, झाँक्री लगाउने, तातो फलामले डाम्नेजस्ता कार्यहरू हुने गर्छन्।

जनस्वास्थ्य शिक्षालाई औचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट समाजलाई प्रशिक्षित गराउनु आजको आवश्यकता हो। औपचारिक शिक्षाको माध्यमको कुरा गर्दा विद्यालयतहको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा जनस्वास्थ्य शिक्षाको विषयवस्तुलाई समावेश गर्नुपर्छ। पाठ्यक्रमविद् हिल्टा टावाले पाठ्यक्रमलाई विद्यालयभित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउने साधन भनेजस्तो यो साधनबाट विद्यालयस्तरका विद्यार्थीहरूलाई जनस्वास्थ्य शिक्षाको ज्ञान प्रदान गर्नुपर्छ।

पाठ्यक्रमलाई राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो, भनेको छ। यो कार्यक्रमअन्तर्गत शिक्षाको उद्देश्य स्वस्थ जनशक्ति उत्पादन गर्न राज्यले जनस्वास्थ्य शिक्षालाई शिक्षा प्रणालीमा समावेश गर्नुपर्छ। यसो गर्दा जनस्वास्थ्य शिक्षालाई विद्यालयतहदेखि उच्चशिक्षाको पाठ्क्रममा पनि आवश्यकताको आधारमा समावेश गर्नुपर्छ। यसो भएमा हरेक घर परिवारहरूमा जनश्वास्थ्य शिक्षाको ज्ञान भएका शिक्षत जनशक्ति उत्पादन हुन सक्छन्।

युनेस्कोले शिक्षाको उद्देश्य प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरिएको योजना र निर्देशनअनुसारको सम्पूर्ण अनुभवको सँगालो हो भनेको छ। वर्तमान समाजको चरित्रको अध्ययन तथा अभिभावकहरूको अनुभवले के बताउँछ भने अहिलेका बालबालिकाहरूले घरको स्वस्थ खानेकुराभन्दा बढी बजार वा पसलमा पाइने रेडिमेड खानेकुराहरू अत्यन्त मन पराउँछन्। बजारमा पाइने विभिन्न प्रकारका खानेकुराहरूमा बालबालिकाहरूको जिब्राको स्वाद बसेको छ। यो स्वादभित्र निम्तने अनेक प्रकारका रोगमा सचेतनाको अभाव छ। स्वस्थ तथा अर्गानिक खानेकुरामा भन्दा विभिन्न रसायनहरूको मिलावटबाट निर्मित जिब्राको स्वादका लागि बनेका खानेकुराहरूको प्रयोग भइरहेको छ।

नेपाली समाजमा हुर्कँदै गएको आधुनिक जीवनशैलीसँगै प्रयोगमा आएका खाद्य तथा उपभोग्य वस्तुहरूमा पर्याप्त ज्ञान हुन आवश्यक हुन्छ। एकातिर औपचारिक शिक्षा प्रणालीमा जनस्वास्थ्य शिक्षाको विषयवस्तुलाई समावेश गर्नुपर्छ भने अर्कोतिर समाजमा अझैं पनि विद्यालय शिक्षाबाट वञ्चित रहेको ठूलो जनसंख्यालाई जनस्वास्थ्य शिक्षामा प्रशिक्षित गराउनु त्यत्तिकै ठूलो चुनौती छ। औपचारिक शिक्षाको सुविधाबाट बञ्चितहरूलाई पनि अनौपचारिक जनस्वास्थ्य शिक्षाका तालिमहरू चलाउनुपर्छ।

अन्त्यमा, राज्यले स्वास्थ्यामा ठूलो लगानी गरेको छ। नागरिकहरू रोगी वा कमजोर भएमा देशको विकासको गति रोकिन्छ। रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिने उपायहरू अवलम्बन गर्न बुद्धिमानी ठहर्छ। यस सन्दर्भमा जनस्वास्थ्य शिक्षाअन्तर्गत पर्ने सम्पूर्ण कुराको जानकारी उपलब्ध गराउन शिक्षाको सहारा लिन अनिवार्य हुन्छ। यस सन्दर्भमा राज्यले औपचारिक शिक्षाअन्तर्गत देशको शिक्षा प्रणालीमा जनस्वास्थ्य शिक्षालाई समावेश गर्नुपर्छ भने अर्कोतिर हरेक स्थानीय तहहरूमा जनस्वास्थ्य शिक्षाको विषयवस्तुको आधारमा तालिम कक्षाहरू राष्ट्रव्यापी अभियानको रूपमा सञ्चालन गरी जनस्वास्थ्य शिक्षाको विषयवस्तुले प्रशिक्षित गर्न आवश्यक छ।

# नियमित खाने औषधिको वार्षिक मूल्यवृद्धि कति उपयुक्त ?

**सञ्जय आचार्य**

औषधि बिरामीहरूको लागि जीवनरक्षाको स्रोत हो। आधुनिक औषधिहरुको अविष्कारसँगै पराकालमा निकै भयानक ठानिने रोगहरूको पनि समाधान पाइएको छ। समयसँगै औषधिको सेवन गर्ने बिरामीहरूको संख्या पनि वार्षिक रूपमा बढेको पाइन्छ। तथ्याङ्कअनुसार २०१९ को तुलनामा विश्व बजारमा औषधिको खपत २०२४ सम्म १४ प्रतिशतले बढेको जनाएको छ। खानपान, तनाव, विलासी जिवनशैली इत्यादीको कारणले आजकाल मानिसहरूलाई कलिलै उमेरमा दीर्घरोग लाग्ने गरेको पाइन्छ।

उच्च रक्तचाप, मधुमेह, थाइरोइड, पार्किन्सन, कोलेस्टेरोल, छारेरोग आदि जस्ता रोगहरू देखिएमा बिरामीहरूले लामो समयसम्म वा जीवनभर नै यी रोगहरू नियन्त्रण गर्ने औषधि सेवन गर्नुपर्ने हुन्छ। औषधि उपचारमा लाग्ने खर्च प्रायः महँगो नै हुने गर्छ, त्यो माथि लामो समयसम्म अथवा जीवनभर नै यी औषधि सेवन गर्न परेमा बिरामीहरूको धेरै पैसा खर्च हुने गर्दछ।

औषधि कम्पनीहरुले मनोमानी ढंगले औषधिको मूल्य बढाइदिँदा बिरामीहरूले मारमा परेको गुनासो गर्दै आइरहेका छन्। वार्षिक रुपमा औषधिहरुको १० प्रतिशतभन्दा बढी मूल्य वृद्धि भएको पाइन्छ। यसरी दैनिक सेवन गर्नुपर्ने औषधिको सरकारले मूल्य निर्धारण र वार्षिक मूल्यवृद्धि न्यूनतम प्रतिशत राखिदिए आफूहरुलाई धेरै राहत मिल्ने गुनासो बिरामीहरूले गर्दै आएका छन्।



सरकारले स्वास्थ्य बिमा कार्यक्रम सबैजना बिरामीहरूलाई सहज हुने गरी नीति ल्याउन नसकेको, सरकारी अस्पतालमा सबै प्रकारका औषधि उपलब्ध नहुने, फरक चिकित्सकले फरक-फरक कम्पनीको औषधि प्रिस्क्राइब गर्ने हुँदा जस्ता कारणहरूले गर्दा बिरामीहरूले आफैं पैसा तिरेर निजी फार्मेसीहरुबाट औषधि किन्न बाध्य छन्।

औषधि किन्दा अघिल्लो आर्थिक वर्षमा भन्दा अर्को वर्ष १० प्रतिशत भन्दा बढी सधैं मूल्य बढ्ने गरेको बिरामीहरूले बताउँछन्। ४/५ महिना अगाडि ३९० मा पाइने औषधि अहिले ४५० पर्ने र वार्षिक चर्को मूल्यवृद्धि हुँदा आम्दानीको ठूलो रकमनै औषधि किन्दा जाने बिरामीहरू गुनासो गर्दछन्।

अहिलेसम्म औषधि व्यवस्था विभागमा १९००० बढी औषधि दर्ता भएका छन्। वार्षिक रूपमा यी औषधिहरुको प्रोडक्ट लाइसेन्स, बिक्री वितरण अनुमति पत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ, जसमा सबै औषधिको मूल्य सूची विभागमा बुझाउनु पर्छ। औषधि व्यवस्था विभागले विषेशगरी दैनिक खानुपर्ने औषधिको मूल्य वृद्धिमा बिशेष ध्यान दिनुपर्ने बिरामीहरू बताउँछन् भने केही कम्पनीहरुले विभागमा एउटा मूल्य सूची र बजारमा बढी मूल्यको लेबल राखेर औषधि पठाएको पाइन्छ। यो सबैबाट दुःख पाहुने सर्वसाधारण/ बिरामी नै हुन्।

सरकारले सके नेपाली बजारमा पाइने सबै, नत्र काम से कम लामो समयसम्म दैनिक खानुपर्ने औषधिको मूल्य साथै न्यून वार्षिक मूल्य वृद्धि दर निर्धारण गरिदिए बिरामीहरूलाई निकै राहत हुने थियो।

***(आचार्य मध्यविन्दु जिल्ला अस्पताल नवलपुरमा फार्मेसी अधिकृतका रुपमा कार्यरत छन्।)***

# मुद्रण नीतिलाई परिमार्जन गर्न माग




बुटवल । मुद्रण व्यवसायीहरुले मुद्रण उद्योगलाई धराशायी हुनबाट रोक्न पुरानो मुद्रण नीतिलाई परिमार्जन गर्नुपर्ने माग गरेका छन् । नेपाल मुद्रण उद्योग महासंघको तिलोत्तमामा भएको ११औं साधारणसभामा बोल्दै व्यवसायीहरुले वर्षौं पुरानो नीति अहिलेसम्म लागू हुँदा यसको प्रत्यक्ष असर प्रविधियुक्त मुद्रण उद्योगलाई परेको गुनासो गरे ।

नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष विष्णु तिवारीले वर्षौंदेखि मुद्रण नीति परिवर्तनको माग कुनै सरकारबाट सुनुवाइ नभएको गुनासो गरे । उनले सेक्युरिटी प्रेसको काम राज्यकै छापाखानाबाट गर्न आफूहरुलाई कुनै आपत्ति नभएको, तर त्यसबाहेकका काम भने निजि क्षेत्रलाई दिनुपर्ने माग गरे । 'अहिले निजी क्षेत्र पनि अन्तर्राष्ट्रिय गुणस्तरको छपाईको काम गर्न सक्षम छ त्यसैले राज्यको गोपनियता र सुरक्षासंग सम्बन्धित (सेक्युरिटी)वाहेकका काम सरकारले गर्नुहुँदैन, निजीलाई दिनुपर्छ ।'- उनले भने ।

भन्सार नीतिमा सुधार, विदेशमा मुद्रित तयारी बस्तुमा दिंदै आएको साफ्टा सुविधा खारेज, जिटुजी खारेजलगायतका मुद्दालाई वर्षौंदेखि उठाउँदै आएको तर सुनुवाइ नभएको उनले बताए ।

स्वदेशमा नै तयार हुने पुस्तकमा १५ प्रतिशत र बाहिरी कभरमा २० प्रतिशत कर लाग्ने, तर मुद्रण गरी तैयारी पुस्तक भित्र्याउँदा भने ५ प्रतिशत भन्सार कर लाग्ने व्यवस्था त्रुटिपूर्ण र प्याकेजिङको कागजको बट्टा तैयारी अवस्थामा भित्र्याउँदा भन्सार केवल १ प्रतिशत कर लाग्ने, तर नेपालमा उत्पादन गर्ने उद्योगलाई भने २० प्रतिशत कर लगाउनु गलत भएको भएको व्यवसायीको गुनासो छ । वार्षिक रुपमा नेपालमा ५ अर्ब २६ करोड रुपैयाँ बराबरको यस्ता तैयारी सामान भित्रने गरेको भएको व्यवसायीको दाबी छ ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेले अरबौं लगानी भएको मुद्रण उद्योगको माग सरकारले सम्बोधन गर्नुपर्ने बताए ।

विश्व मुद्रण र संचार फोरमका अध्यक्ष कमल चोपराले विशेष प्रस्तुति राखेका थिए ।

नेपालमा हाल ४ हजार मुद्रण उद्योगमा ८५ अर्ब रुपैयाँ लगानी रहेको तथा लुम्बिनीमा करीब साढे ४ सय उद्योगमा ३ अर्ब लगानी रहेको महासंघको भनाइ छ ।

देशको कुल छपाईमा ७० प्रतिशत निजी क्षेत्रबाट र ३० प्रतिशतमात्र सरकारी निकायका छापाखानाबाट हुँदै आएको व्यवसायीको भनाइ छ । निजी क्षेत्रलाई सरकारबाट स्वतन्त्र प्रतिस्पर्धाको वातावरण दिन सकेमात्र आफूहरु टिक्न सक्ने उनीहरुले बताएका थिए ।

# नौबहिनीका कर्मचारी 'राष्ट्रिय गान' पछि कार्यकक्षमा प्रवेश

प्यूठान । विद्यालयहरुमा विद्यार्थीले राष्ट्रिय गान गाएर मात्र कक्षा कोठामा प्रवेश गरे जसरी नै प्यूठानको नौबहिनी गाउँपालिकाका कर्मचारीले राष्ट्रिय गान गाएर मात्र कार्यकक्षमा प्रवेश गर्ने गरेका छन् ।

राष्ट्रिय गानपछि कार्यकक्षमा प्रवेश गर्दा कर्मचारीहरुमा समयमा कार्यालय उपस्थित हुने बानी बस्ने, एक आपसमा सामिप्यता बढ्नुका साथै अनुसाशित बनाउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज पौडलले बताए । कर्मचारीलाई समयको उचित पालन गर्न, राष्ट्रियताको भावना जगाएर काम, कर्तव्य र अधिकार प्रति जवाफदेही तथा कर्तव्यनिष्ठ बनाउने उद्देश्यले राष्ट्रिय गान अनिवार्य गरिएको र त्यसपछि मात्र कार्यकक्षमा प्रवेश गर्ने नियम बनाइएको उनले बताए । राष्ट्रिय गान पश्चात कर्मचारीहरुमा सकारात्मक उर्जा बढ्ने र शान्त दिमाग लिएर आ-आफ्नो कार्यकक्षमा प्रवेश गर्ने गरेको उनको भनाइ छ ।

यहि पुष ७ गतेको बसेको कर्मचारीको बैठकले निर्णय गरेपछि कार्यालय सुरुवात सयममा नौबहिनी गाउँपालिकामा दैनिक राष्ट्रिय गान गुञ्जिने गर्दछ ।

# खो खो विश्वकप खेलाडी भरतलाई सम्मान



कञ्चन । श्री रुद्रपुर माध्यमिक विद्यालय, कञ्चन ४ अस्नैया रुपन्देहीले विद्यालयका पूर्व विद्यार्थी भरत सारुलाई सम्मान गरेको छ । भारतको नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर हलमा आइतबार सम्पन्न फाइनल खेलमा पुरुषतर्फ आयोजक भारतसँग पराजित भई विश्वकप उपविजेता बन्न सफल खो खो टिमका खेलाडी सारुलाई विद्यालयले एक कार्यक्रमगरी सम्मान गरेको हो ।

विश्वकप खेलाडी भरत सारुलाई सम्मान गर्दै कञ्चन गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष केशरबहादुर खत्रीले विद्यार्थीको अन्तरनिहित क्षमता विद्यालयमा सञ्चालन गरिने अतिरिक्त कृयाकलापहरुमा उजागर हुने उल्लेख गरे । विद्यालयमा नियमित किताबी ज्ञानसहित समसामयिक, व्यवहारिक ज्ञान र सीपको समेत शैक्षणिक कृयाकलाप सञ्चालन गर्न सकिए भरत सारुजस्ता विश्कप खेलाडीहरुको समेत उत्पादन हुने बताउँदै कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न अनुशासन, धैर्यता, सहनशिलता र निरन्तर अभ्यास महत्वपूर्ण सुत्र भएको समेत वडा अध्यक्ष खत्रीले बताएका थिए ।

खो खो विश्वकप खेलाडी तथा विद्यालयका पूर्व विद्यार्थी भरत सारुलाई विद्यालयमा स्वागत तथा सम्मान गर्दै विद्यालयका प्रधानाध्यापक डोलाराम पौडेलले अनुशासन, निरन्तर अभ्यास र लगनशिलताले आफूले लिएको लक्ष्यमा पुग्न सकिने र सोहीको सफलताको एक उदाहरण भरत सारु भएको कुरा उल्लेख गरे । भरत विद्यालयमा रहँदा पनि आफैंमा अनुशासित, मेहनती, लगनशिल पनि भएकोले आज उनले पाएको सफलताले विद्यालयलाई गौरवान्वित बनाउनुको साथै विद्यार्थी भाइबहिनीहरुलाई समेत प्रेरणाको आधार बन्ने पौडेलको भनाइ रहेको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिरञ्जीवी खनालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयको स्वर्णमहोत्सवको अवसरमा आयोजित आन्तरिक विभिन्न प्रतियोगितामा विजेता विद्यार्थीहरुलाई पुरस्कार तथा सम्मान पत्र समेत वितरण गरिएको थियो । कार्यक्रम शिक्षक प्रकाश क्षेत्रीले सञ्चालन गरेका थिए ।

**झुम्सा...**

खानेपानी आयोजनाको मुहान क्षेत्र तिनाउ गाउँपालिका वडा नं. ४ का पूर्व वडाध्यक्ष दानबहादुर गाहाले पानी वापत बुटवल उप-महानगरपालिकाबाट वार्षिक २ करोड र खानेपानी संस्थानबाट वार्षिक २५ लाखका दरले रकम तिनाउ गाउँपालिकाले प्राप्त गरे पनि आयोजना प्रभावित वडा नं. ३ र ४ वडालाई सहमतिअनुसार दिनुपर्ने बजेट तिनाउ गाउँपालिकाले नदिएको, मुहान क्षेत्र संरक्षण, झुम्सा-सत्यवती सडक कालोपत्रेमा चासो नदिएको, सिँचाइ, कृषि, खानेपानीलगायत विकासमा प्रभावित क्षेत्रलाई बेवास्ता गरेकाले स्थानीय रुष्ट रहेको बताए ।

'गाउँपालिकाले बुटवल उप-महानगरपालिका र खानेपानी संस्थानबाट रकम लिने गरे पनि प्रभावित वडालाई ५०-५० लाख र अरु वडालाई २५ लाखका दरले बजेट बाँडफाँट गर्ने सहमति पालना नगर्दा स्थानीय फेरि आन्दोलित हुने तयारीमा छन् ।'-पूर्व वडाध्यक्ष गाहाले भने ।

झुम्साबाट खानेपानी बुटवल आएर वितरण भएपछि तिनाउ गाउँपालिकालाई दिने सहमति भएको रकम आयोजना सुरु भए लगत्तै बुटवल उप-महानगर र संस्थानले दिइरहेको संस्थानले जनाएको छ ।

# रूपन्देही सुपरलिगः एमसीसी ८० रनले विजयी

भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको शनिबारको खेलमा मेलवर्न क्रिकेट क्लब (एमसीसी) विजयी भएको छ । एमसीसीले प्रोफेसनल मास्टर्स-११ लाई ८० रनले पराजित गर्दै सहज जित हात पर्यो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको एमसीसीले निर्धारित ३९ ओभरको खेलमा ९ विकेटको नोक्सानीमा २ सय ८ रन बनायो । उसका लागि आदित्य यादवले ५९, सन्दीप रजालीले ५६, अमन खानलले ३० र विपिन आचार्यले १३ रन बनाए । बलिङमा प्रोफेसनलका कर्ण साहनी र ड्रस सुनारले २-२ तथा अख्तर हुसेन र जयप्रताप यादवले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको प्रोफेसनल ३८ ओभर ४ बलमा १ सय २८ रन बनाउँदा अलआउट भयो । उसका लागि जयप्रताप यादवले २१, ड्रस सुनारले १६, अजय रसाइलीले १५ र अख्तर हुसेनले १० रन बनाए । एमसीसीका विपिन आचार्यले ३, सन्दीप रजाली र विनय कुर्मीले २-२ तथा रमेश कुर्मी, विजय प्रजापती सोहिल पालले १-१ विकेट हात पारे । खेलमा सन्दीप रजाली प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताए ।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**मध्यविन्दु प्रादेशिक अस्पताल**
**नवलपरासी (बर्दघाट सुस्तापूर्व)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः २०८१।१०।१३)

यस कार्यालयबाट मिति २०८१।०८।१२ गते प्रकाशित सूचना बमोजिम तोकिएको मिति भित्र रितपुर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्येमा तपसिलको बोलपत्र मुल्यांकन समितिको सिफारिस अनुसार न्यूनतम मूल्याकिंत सारभूतरुपमा प्रभाबग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | कामको बिबरण | न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS समेत) रु. |
|---|---|---|---|---|
| 1 | MDH-NAW (BSE)-W-NCB-01 /2081-82 | Construction of Madhyabindu District Hospital Building Finishing Works | Hemant Nirman Sewa Bharatpur, Chitwan | 4,52,43,527.21 |

कार्यालय प्रमुख

**GOVERNMENT OF LUMBINI PROVINCE**
**MINISTRY OF ENERGY, WATER RESOURCES AND IRRIGATION**
**WATER RESOURCES & IRRIGATION DEVELOPMENT DIVISION OF OFFICE**
Sandhikharka,Arghakhanchi

## Invitation for Online National Competitive Bidding(NCB)

First Date of Publication:2081/10/13(2025/01/26)

1.Water Resources and Irrigation Development Division ffice,Arghakhanchi invites electronic bids from eligible bidder.

| S.N. | Contract No. | Description of work | Estimated Amount Inluding VAT | Bid Security Amount(Nrs.) | Fee for Bid Document(Nrs.) | Last Date of Bid Submisssion | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/ NCB-20/081-82 | Construction of Intake,Canal & Canal Structure Works at Sandhikharka-4 & Chhatradev-6,Arghakhanchi | 13333835.08 | 334000.00 | 3000.00 | 2025-02-25 12:00 Hrs. | 2025-02-25 1:00 Hrs. |
| 2 | WIDDARG/ NCB-21/081-82 | Construction of Intake,Canal & Canal Structure Works at Sandhikharka-6,Arghakhanchi | 13737206.91 | 344000.00 | 3000.00 | 2025-02-25 12:00 Hrs. | 2025-02-25 1:00 Hrs. |
| 3 | WIDDARG/ NCB-22/081-82 | Construction of Intake,Canal & Canal Structure Works at Shitganga-11,Arghakhanchi | | 552000.00 | 5000.00 | 2025-02-25 12:00 Hrs. | 2025-02-25 1:00 Hrs. |

**Invitation for Online Sealed Quotation(SQ)**

| S.N. | Contract No. | Description of work | Estimated Amount Inluding VAT | Bid Security Amount(Nrs.) | Fee for Bid Document(Nrs.) | Last Date of Bid Submisssion | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/ SQ-24/081-82 | Construction of Canal & Canal Structure Works at Sandhikharka-1 & 2 ,Arghakhanchi | 1438545.56 | 40000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 2 | WIDDARG/ SQ-25/081-82 | Construction of Pipeline Works at Shitganga-6 ,Arghakhanchi | 959776.71 | 25000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 3 | WIDDARG/ SQ-26/081-82 | Construction of Canal & Canal Structure Works at Sandhikharka-12 ,Arghakhanchi | 479512.80 | 12000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 4 | WIDDARG/ SQ-27/081-82 | Construction of Gabion Revetment Works at Shitganga-9, Arghakhanchi | 959444.97 | 25000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 5 | WIDDARG/ SQ-28/081-82 | Construction of Canal & Canal Structure Works at Panini-1 ,Arghakhanchi | 479465.35 | 12000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 6 | WIDDARG/ SQ-29/081-82 | Construction of Gabion Check Dam Works at Bhumikasthan-7 ,Arghakhanchi | 498958.04 | 13000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 7 | WIDDARG/ SQ-30/081-82 | Construction of Gabion Revetment Works at Shitganga-7,Arghakhanchi | 959920.92 | 25000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |
| 8 | WIDDARG/ SQ-31/081-82 | Construction of Canal & Canal Structures at Sandhikharka-10,Arghakhanchi | 1919533.93 | 50000.00 | 1000.00 | 2025-02-10 12:00 Hrs. | 2025-02-10 1:00 Hrs. |

2.Further Detail Regarding the Notice of Invitation for Bids,Interested Bidders is Requested to Visit The Office of WRIDDO,Arghakhanchi or The e-gp Portal www.bolpatra.gov.np/egp.

# न्यू होराइजनमा ३२५ जनाले गरे रक्तदान




बुटवल। न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलको ३५औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा आयोजना गरिएको रक्तदान कार्यक्रममा ३२५ जनाले रक्तदान गरेका छन्।

वृहत् रक्तदान कार्यक्रमको विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष विमलबहादुर शाक्यले संयुक्त रूपमा उद्घाटन गरेका थिए।

सो अवसरमा बोल्दै शाक्यले निरोगी स्वस्थ व्यक्तिले हरेक तीन/तीन महिनामा रक्तदान गर्नुपर्ने बताए।

प्राचार्य उपाध्यायले विद्यालयले पढाइसँगै सामाजिक, खेलकूद र अन्य कार्यक्रममा पनि सक्रिय रहेको बताए।

कार्यक्रमअन्तर्गत न्यू होराइजन मावि कालिकानगरमा १७५ जना तथा न्यू होराइजन पाल्पा, र न्यू होराइजनका रुपन्देहीस्थित भगिनी संस्थाहरुमा समेत गरी शिक्षक, कर्मचारी, विद्यार्थी समेत ३२५ जनाले रक्तदान गरेका कार्यक्रमका संयोजक विष्णुप्रसाद बस्यालले जानकारी दिए।

कार्यक्रममा विद्यालयका उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल र राजीव श्रेष्ठ, कार्यक्रमका अर्का संयोजक प्रकाश खनाल, अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याललगायतले शैक्षिक गुणस्तरमा देशकै उत्कृष्ट शैक्षिक संस्थाको रूपमा स्थापित न्यू होराइजनले सामाजिक उत्तरदायित्वअन्तर्गत रगतको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यसहित रक्तदान कार्यक्रम आयोजना गरेको बताएका थिए।

# तिलोत्तमा राइडर्सको जर्सी सार्वजनिक



तिलोत्तमा। हालै गठन भएको तिलोत्तमा राइडर्सले जर्सी सार्वजनिक(लन्च) गरेको छ। शनिबार ड्राइभरटोलमा एक औपचारिक कार्यक्रमकाबिच तिलोत्तमा नगर खेलकुद विकास समितिका अध्यक्ष लोक पुन र तिलोत्तमा राइडर्सका अध्यक्ष अर्जुन गुरुङलगायतले जर्सी लन्च गरेका हुन्।

सो अवसरमा तिलोत्तमा राइडर्समा आबद्ध ३२ जना संस्थापक सदस्यलाई जर्सी प्रदान गरिएको छ। कार्यक्रममा बोल्दै नगर खेलकुद विकास समिति अध्यक्ष पुनले नागरिकलाई स्वस्थ राख्न साइक्लिङ धेरै महत्वपूर्ण हुने बताए।

उनले तिलोत्तमा राइडर्सले गरेको काम सराहनीय रहेको भन्दै नगरभित्र हरेक विधाका खेलको विकासका लागि बजेट विनियोजन र ग्रास रुट लेभलबाटै प्रशिक्षण जरुरी रहेको बताए। तिलोत्तमा राइडर्सका अध्यक्ष अर्जुन गुरुङले स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद नाराअनुसार तिलोत्तमा साइक्लिङलाई प्रवर्द्धन गर्न र नगरको पर्यटन प्रवर्द्धन गर्न हरेक वडामा साइकल राइड कार्यक्रम छिट्टै सञ्चालन गर्ने बताए। कार्यक्रम तिलोत्तमा राइडर्सका सचिव बरुण ज्ञवालीले सञ्चालन गरेका थिए।

क्लबका संस्थापक सदस्य सुवास थापाले छिट्टै नयाँ कार्यसमिति गठन गरी विधिवतरुपमा अघि बढ्ने तयारीमा रहेको बताए। जर्सी लञ्च कार्यक्रममा दुईजनाले आजीवन सदस्यता लिएका थिए।

# बिजुवारमा एड्भान्स ब्युटिसियन तालिम सुरु




**राधिका भुसाल**

*प्यूठान*

प्यूठानको बिजुवारमा महिला उद्यमशीलता तथा सीप विकास तालिमअन्तरगत ३० दिने एड्भान्स ब्युटिसियन तालिम सुरु भएको छ। 'उद्यमशील संस्कृति, राष्ट्रको सम्पत्ती' भन्ने नाराका साथ घरेलु तथा साना उद्योग कार्यालय प्यूठानको आयोजनामा शुक्रबार तालिम उद्घाटन भएको छ।

प्यूठान नगरपालिका ४ बिजुवारमा भएको तालिम लुम्बीनी प्रदेशसभा सदस्य धनलक्ष्मी श्रेष्ठले उद्घाटन गरिन्। उनले जनताको आर्थिकस्तर बढ्न थालेसँगै सुन्दरतालाई पनि प्राथमिकतामा राखेकोले ब्युटिसियन व्यवसाय राम्रो हुँदै गइरहेको बताइन। 'सीप विकाससँगै बोली, व्यवहारको शैली पनि राम्रो विकास गर्नु पर्ने हुन्छ।'-श्रेष्ठले भनिन्। आफ्नो कतर्व्य भुलेर अरुको बारेमा नकारात्मक टिप्पणी गर्दै हिंड्ने संस्कार अन्त्य गर्नुपर्ने उनले बताइन।

राज्यले निःशुल्क दिएको तालिम भनेर बेवास्ता नगर्न आग्रह गर्दै सांसद श्रेष्ठले राज्यले सीपयुक्त जनशक्ति उत्पादन गर्ने योजनाका साथ नागरिकको चाहनाअनुसार तालिमहरु सञ्चालन गर्दै आएको र महिलाले आफूलाई सक्षम बनाउनका लागि सीप सिकेर त्यसको परिणाम लिनु जरुरी रहेको बताइन्।

यस्तै प्यूठान नगरपालिका वडा नं. ४ का वडाध्यक्ष रशेम कार्कीले राज्यले लगानी गरे अनुसार उपलब्धि नभएको हुँदा निराशा थपिदै गएको बताए।

घरेलु तथा साना उद्योग कार्यालयका निमित्त प्रमुख मनीबहादुर गुरुङले विकसित मुलुकहरुमा पनि स-साना घरेलु उद्योग गर्दा गर्दै सबै कुरामा आत्मनिर्भर हुँदै मुलुक समृद्ध बन्न सफल भएको बताए। तालिममा विञ्जु श्रेष्ठले प्रशिक्षण दिने छिन्।

बिजुवारस्थित पिंक ब्युटिपार्लरमा ३० दिनसम्म सञ्चालन हुने तालिममा जिल्लाका विभिन्न स्थानका १५ जना सहभागी रहेको उद्योग विकास सहजकर्ता संगिता नेपालीले जानकारी दिइन्। यो तालिमसँगै चालु आर्थिक वर्ष २०८१/०८२ मा ४ प्रकारका तालिमहरु सञ्चालन हुनेछन्।

महिला उद्योमशिलता सीप विकासअन्तरगत सिलाइ कटाइ तालिम, शैलुन व्यवसाय सञ्चालन गर्नेका लागि सीप विकास तालिम, अल्लो प्रोसेसर तालिम र बेरोजगार युवाका लागि उद्यमशिल कार्यक्रम सञ्चालन हुने घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ। यि तालिमहरुका लागि कार्यालयले करिब १८ लाख बजेट विनियोजन गरेको उद्योग विकास सहजकर्ता संगिता नेपालीले जानकारी दिइन।

# राखेपलाई राजनीतिक अखडा बन्न दिन्न : उपाध्यक्ष आचार्य




बुटवल। राष्ट्रिय खेलकुद परिषद (राखेप) का नव नियुक्त उपाध्यक्ष ध्रुव आचार्यले परिषद्भित्र हुने बेथिति र अनियमिततालाई अन्त्य गरी खेलकुद क्षेत्रको सिण्डिकेट तोड्ने प्रतिबद्धता जनाएका छन्। परिषद्भित्र राजनीतिक आबद्धताका आधारमा खेलकुदका संघ संस्था र खेलाडीमाथि सिण्डिकेट लादेर पक्षपात भएको गुनासो आएकाले अब आफूले त्यसलाई रोक्ने उनले बताए।

नेपाल खेलकुद पत्रकार मञ्च रुपन्देहीले शनिबार रुपन्देहीमा गरेको स्वागत कार्यक्रममा बोल्दै उपाध्यक्ष आचार्यले परिषद्लाई राजनीतिक अखडा बन्न नदिई ऐन, कानुन र विधिसम्मत ढंगले चलाउने र आस्थाका आधारमा कसैलाई भेदभाव र अन्याय नगर्ने प्रतिबद्धता जनाए।

केही व्यक्तिहरुले कार्यकारी पदलाई दुरुपयोग गरेको पाइएको आरोप लगाउँदै उनले खेलकुदका संघ संस्थाको दर्ता प्रक्रियालाई सही ढंगमा ल्याउने प्रतिबद्धता जनाए। परिषद्लाई राजनीति गर्ने थलो नभई खेलाडी र खेलकुदको काम हुने थलो बनाउने उनले बताए। आसन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई कानुनी प्रक्रिया पूरा भएपछि मात्र गरिने उनले बताए। प्रक्रिया र समयसीमा नपुगी खेल गर्न सकिने सम्भावना नभएको उनले बताए। भौतिक संरचनाको विषयमा संघ, जिल्ला, स्थानीय सरकारको अधिकार क्षेत्रको विषयमा कार्यदल बनाएर टुगो लगाउन लागेको उनले बताए। राखेपमा हाल १०७८ कर्मचारीको दरबन्दी रहेकोमा ७ सय जना कार्यरत रहेको भन्दै समयसापेक्ष कर्मचारी समायोजनको कामलाई तिब्रता दिन लागेको उनले बताए। ओलम्पिक कमिटीले अदालतको आदेश नमान्ने भन्ने कुरा गलत भएको उनले बताए। राखेपको बैठकबाट खाता रोक्काको निर्णय भैसकेको भन्दै उनले बोर्डको निर्णय कार्यान्वयन हुने दाबी गरे।

कार्यक्रममा प्रदेश खेलकुद परिषद् लुम्बिनीका निवर्तमान सदस्य सचिव तथा पौडी संघका वरिष्ठ उपाध्यक्ष जयप्रकाश भट्टराईले ओलम्पिक कमिटिको विवाद अन्त्य, खेल संघका समस्या, ऐन संशोधन गर्ने र कर्मचारी समायोजनाका विषयमा काम अघि बढाउन सुझाव दिए। सम्पूर्ण खेलकुद संघलाई धरासायी हुने गरी राखेपका पदाधिकारीले नै गतिविधि गरिरहेको उनले आरोप लगाए। अवैध संघमार्फत् ओलम्पिक कमिटी गठन हुनु निन्दनीय भएको उनले बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, रुपन्देही जिल्ला खेलकुद विकास समितिका सदस्य सचिव चन्द्र आचार्य, रुपन्देही क्रिकेट संघका कोषाध्यक्ष निरजप्रताप खाँण, रुपन्देही लनटेनिस संघका अध्यक्ष गोपाल ज्ञवाली, नगर खेलकुद विकास समिति, तिलोत्तमाका संयोजक लोक पुन,मञ्चकासचिव स्वस्तिक श्रेष्ठले नेपाली खेलकुद विश्वमा उदाउँदो रुपमा रहेको र यसलाई अवसरको रुपमा लिएर अघि बढाउन राखेप लाग्नुपर्ने सुझाव दिए।

कार्यक्रममा नेपाल खेलकुद पत्रकार मंघ रुपन्देहीका अध्यक्ष सुमन अधिकारीले खेलकुदको उर्वरभूमि रुपन्देहीलाई विधागत रुपमा स्थापित गर्दै पत्रकारको क्षमता विकासमा सरोकारवाला निकायहरुसँग समन्वय गरी मञ्चले काम गर्ने बताए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com